# वी.पी.कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान,धरान

## हाउस अफिसर र डेन्टल सर्जन पदको आवश्यकता सम्बन्धी सूचना

**(प्रकाशित मिति:२०७४/०१/०४ गते ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिक पत्रिका)**

यस प्रतिष्ठानको लागि आवश्यक **हाउस अफिसर तथा डेन्टल सर्जन** पदहरू करार सेवा अन्तर्गत पूर्ति गर्नुपर्ने भएको हुंदा देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफ्नो वायोडाटा, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र, नेपाल स्वास्थ्य व्यवसायी परिषद्को दर्ता प्रमाणको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी सूचना प्रकाशित मितिले ७(सात) दिनभित्र प्रतिष्ठानको मुख्य कार्यालय,धरानमा रीतपूर्वकको दरखास्त बुझाउनु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ । रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

**(क) पद, आवश्यक संख्या तथा न्यूनतम योग्यता:**

| क्र.सं. | पद | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| १. | हाउस अफिसर | १७(सत्रह)) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस.वा सो सरह उतिर्ण गरेको । |
| २. | डेन्टल सर्जन | ३(तीन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.डि.एस.वा सो सरह उतिर्ण गरेको । |

**(ख) सेवाको किसिम** : करार सेवा

**(ग.) परीक्षाको किसिम** : अन्तर्वार्ता

१. **दरखास्त पाइने स्थान** : प्रतिष्ठानको मुख्य कार्यालय घोपा, धरान एवं सम्पर्क कार्यालय, काठमाण्डौ ।

२. **दरखास्त बुझाउने स्थान** : प्रतिष्ठानको मुख्य कार्यालय घोपा, धरान ।

३. तलव तथा अन्य सुविधा प्रतिष्ठानको नियमानुसार हुनेछ ।

४. सरकारी वा गैह्र सरकारी कार्यालय, शिक्षण संस्थामा काम गरिरहेका उम्मेद्वारहरूले सम्बन्धित कार्यालयको विभागिय स्वीकृति अनिवार्य पेश गर्नु पर्नेछ ।

५. प्रतिष्ठानमा आवासको सुविधा उपलब्ध हुने छैन ।

६. दरखास्त फारम तथा परीक्षा दस्तुर: रू.१,५००/०० स्टयाण्डर्ड चार्टर्ड बैक नेपाल लिमिटेड, विराटनगरको चल्ती खाता नं ०१–०२५६०२१–०१ वा स्टयाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, काठमाडौंको चल्ती खाता नं ०१–०१३२८२९–०१ वा राष्ट्रिय वाणिज्य बैंक, धरानको चल्ती खाता नं.१०७० वा सनराइज बैंक लिमिटेड, धरानको चल्ती खाता नं.००३१०२५१४७७०१८ मा जम्मा गरेको सक्कल भौचर वा प्रतिष्ठानको बिल काउन्टरमा नगद जम्मा गरेको रसिद दरखास्त फारमसाथ संलग्न गर्नुपर्नेछ।

७. अन्तर्वार्ता मिति पछि प्रकाशन गरिनेछ ।

८. अन्य विवरणको लागि प्रतिष्ठानको वेव साइट www.bpkihs.edu, सूचना पाटी र दरखास्त फारम हेर्नुहोला । साथै प्रतिष्ठानको कर्मचारी प्रशासन शाखा फोन न. ०२५–५२५५५५ ४०३१/५१५५/४०४१ मा सम्पर्क राख्नुहोला ।